**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ अक्तूबर २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगालका 6 विधानसभा सीटमा 13 नोभेम्बरको दिन मतदान गराइने घोषणा साथ राजनीति गर्मागर्मी बढेको छ। केन्द्रीय गृहमन्त्री अमित शाह भाजपाको रणनीति तयार पार्न यसै महिनाको अन्तमा कोलकाता आउने।

२. आरजीकर मामिलामा सुनवाइ गर्दै सर्वोच्च अदालतले पश्चिम बंगालको ममता सरकारलाई झपार्दै सिभिक भोलेन्टियर्स नियुक्तिको विस्तृत जानकारी मागेको छ।

३. कोलकाताको धर्मतल्लामा पश्चिम बंगालका आन्दोलनकारी डाक्टरहरूको आन्दोलन जारी छ।

४. भारतीय रेलवेले रेल दुर्घटनालाई रोक्न मालदादेखि डिब्रुगढसम्म कवच जडान गर्नेछ।

५. कालेबुङ जिल्लामा आज बिहान भएको एक सडक दुर्घटनामा 2 जनाको मृत्यु भएको छ।

**उप चुनाव**

चुनाव आयोगले पश्चिम बङ्गालको 6 वटा आशनको उप चुनावको निम्ति तारिखको घोषणा गरेको छ। पश्चिम बंगालका सिताई, मदारीहाट, नैहाटी, हरोवा, मेदिनिपुर र ताङ्ग्रामा 13 नोभेम्बर को दिन उप चुनाव हुनेछ। । मतगणना आगामी 23 नोभेम्बर मा हुनेछ। नामांकन भर्ने प्रक्रिया १८ ओक्टोबरबाट शुरु हुनेछ|

****** ० ******

**गृहमन्त्री**

केन्द्रीय गृहमन्त्री अमित शाह यस महिनाको अन्त्यमा कोलकाता भ्रमणमा आउनु हुनेछ। उहाँले पश्चिम बङ्गालमा भाजपाको लागि उपचुनावको रणनीति बनाउनु हुनेछ। शाह २४ अक्टोबरमा कोलकाता आउनु हुनेछ र सांसद, विधायक, तथा पार्टी नेताहरूसँग बैठक गर्नु हुनेछ। बङ्गालको उपचुनाव तृणमूल कांग्रेस तथा भाजपा दुबैका लागि महत्त्वपूर्ण छ।

****** ० ******

**सेन्ट्रल डी ए**

नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा आज केन्द्रीय मन्त्रिपरिषद् बैठक सम्पन्न भयो। बैठकपछि सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले बैठकले गरेका निर्णयबारे पत्रकारहरुलाई जानकारी गराउदै केन्द्रीय कर्मचारीहरूको महंगाई भत्ता-डीए र पेंशनरहरूको महंगी राहत-डीआर तीन प्रतिशतले बढाइएको बताउनु भयो। श्री वैष्णवले भन्नु भयो यसबाट ४९ लाखभन्दा बढी केन्द्रीय कर्मचारी र ६४ लाखभन्दा बढी पेन्सनधारक लाभान्वित हुनेछन्। यसका लागि वार्षिक ९ हजार ४ सय ४८ करोड रुपियाँ सरकारी खर्च लाग्ने उहाँले बताउनु भयो।

****** ० ******

**सर्वोच्च अदालत – पश्चिम बंग सिभिक भोलेन्टियर**

आर जी कर मेडिकल कलेज अस्पताल बलातकार काण्डको सुनवाई गर्दै सर्वोच्च अदालतले राज्यको ममता सरकारलाई झपारेको छ। मुख्य न्यायाधीश डि.वाई चन्द्रचूडको अध्यक्षतामा तीन न्यायधीशहरूको पीठले पश्चिम बंगाल सरकारसित , मुख्य आरोपी संजय घोष सिभिक भलेन्टियर रहेको तथा आर.जी कर अस्पतालमा कसरी तैनाथ थियो कड़ा प्रश्न सोधेको छ। शीर्ष अदालतले ममता सरकारसित कुन आधारमा र कुन कानून बतमोजिम पुलिसको भूमिकामा सिभिक भलेन्टियरको नियुक्ति गरिन्छं भेलेन्टियरहरूकोसम्यापान कसरी हुनछ आदि प्रयश्न सोधके छ।सिभक भलेन्टियर नियुक्तिको योयता अनि चयन प्रयिा बारे विस्तृत जानकारी दिन अदालतले भनेको छ। यस्ता भलेन्टियरहरूको तैनाती कहाँ कहाँ हुन्छ तथा राज्यमा यस्ता सिभिक भलेन्टियरको संख्या कति छ त्यो जानकारी पनि मागेको छ। यसका साथै स्कूल- अस्पताल रअन्य संवेदनशील स्थानहरूमा यस्ता सिभिक भलेन्टियर तैनात नगर्ने कठोर निर्देश पश्चिम बंगाल सरकारलाई दिएको छ। आन्दोलनकारी डाक्टरहरूको पक्षमा आफ्नो पक्ष राख्दै एक वकिलले सिभिक भलेन्टियरको प्रश्न उठाएका थिए।

****** ० ******

**दुर्गा कार्निभल प्रोटेस्ट**

कोलकातको रेड रोडमा हिजो साँझ विभिन्न सांस्कृतिक कार्यक्रमहरू बीच मुख्यमंत्री ममता व्यानर्जीको उपस्थितिमा दुर्गा पूजा कार्निभल भव्य रूपमा सम्पन्न भयो भने अर्कोतिर भाजपाले यस कार्निभलको बहिष्कार गर्दै मशाल जुलुस निकालेको थियो। भाजपा विधायक तथाा विधन सभमा विपक्षी नेता शुभेन्दु अधिकारीले आन्दोलनकारी डाक्टरहरूको समर्थनमा कलेज स्क्वायर देखि एस्पलानेड सम्म सैंकड़ौ समर्थहरूका साथ ठीक कार्निभलकै समय विरोध स्वरूप मशाल जुलुश निकाले। अर्कोतिर आर.जी कर डाक्टर बलात्कार अनि हत्या काण्डको विरोध्मा र पीढ़ितालाई न्याय दिलाउनले मांगमा आन्दोलनकारी डाक्टरहरूले झण्डै ६० वटा सामाजिक संगठनहरूसि मिलेर कार्निभल कै समय द्रोह कार्निभल अर्थात दुर्गा पूजा कार्निभनको विरोध स्वरूप प्रदर्शन गर्दै मानव श्रृंखला बनाएका थिए। कोलकाता उच्च अदालतले यी दुवै विरोध प्रदर्शनकारीहरूलाई अनुमति दिएको थियो।

****** ० ******

**घुसपैठ रैकेटको पर्दाफाश**

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा भारत-बांग्लादेश सीमा (आईबीबी)मा सीमा सुरक्षा बल (बीएसएफ)ले एक घुसपैठ रैकेटको पर्दाफाश गरेको छ अनि चार बांग्लादेशी नागरिक सहित एक भारतीय दलाललाई पक्राउ गरेको छ। बी.एस.एफ.ले आज दिएको जानकारी अनुसार हिज पक्राउ भएका बंगलादेशी नागरिकहरु बाट बांग्लादेशमा बनाएको फर्जी आधार कार्ड प्राप्त भएको छ। एक वरिष्ठ अधिकारीले दिएको जानकारी अनुसार ति घुसपैठिहरुको चेन्नई जाने योजना थियो।

****** ० ******

**बीएसएफ दुवारा सुन पक्राउ**

पश्चिम बंगालको मुर्शिदाबाद जिल्लामा भारत-बांग्लादेश सीमा क्षेत्रबाट सीमा सुरक्षा बल (बीएसएफ)ले तीन भारतीय किसानहरुलाई पक्राउ गरेको छ| ति किसानहरुले साइकलको फ्रेममा लुकाएर 2.75 किलो सुन ल्याई रहेका थिए| बी.एस.एफ.को दक्षिण बंगाल फ्रंटियरका डीआईजी अनि प्रवक्ता नीलोत्पल कुमार पांडेले आज बताउनु भयो कि पक्राउ गरिएको सुनको मूल्य लगभग 1 करोड़ 98 लाख रुपिया रहेको छ। उहाले भन्नु भयो , "73 बटालियन बीएसएफका जवानहरुको भारत वन सीमा चौकीमा एक गुप्त सूचनाको आधारमा अभियान चलाएर सुन तस्करी गरिरहेका किसानहरुलाई पक्राउ गरिएको हो |

****** ० ******

**मालदा- डिब्रुगढ़ रेल कवच**

भारतीय रेलवेले रेल दुर्घटनाहरूलाई रोक्न पश्चिम बंगालको मालदादेखि असमको डिब्रुगढ़ सम्म झण्डै १६६६ किलोमीटर रेलमार्गमा कवच जड़ान गर्ने प्रकिया शुरू गरिन्दैछ भनी बताएको छ। पूर्वोतरा सीमा रेलवेले जानकारी दिए अनुसार यो रेल मार्गमा गुड़ने ट्रेनहरूमा यो कवच जड़ान गरिनेछ। यो कवच सस्वदेश निर्भिक रेल दुर्घ्टना नियंत्रक उपकरण हो जसलाई रेलको ईन्जिनमा जड़ान गरिनेछ। केही महिना अघि न्यू जलपाईगुड़ीको रंगापानीमा भीषण रेल दुर्घटना भएपछि रेलवेले कवचको जड़ान गर्ने निणर्य गरेको थियो।। पूर्वोतर सीमा रेवेका सीपीआरओ कपिंजल किशेरले मिशन मोड़ममा कवच ४.० को जड़ान गरिने बताएका छन्।

****** ० ******

**बाइक दुर्घटना**

बाइक दुर्घटनामा परी दुइजना युवकको ज्यान गएको छ। दुर्घटना आज बिहान कालेबुङ जिल्लाको मङपङ पुलिस चौकी नजिकै रहेको रुङदुङ पुलछेउ भएको हो। मृतक दुवै युवकको घर डुवर्सको हाँसीमारा रहेको बताइएको छ। मङपङ पुलिस सूत्रअनुसार यी दुइ युवकहरू आज सिलगढीबाट बाइकमा सवार भएर हाँसीमारातर्फ गइरहेका थिए। राष्ट्रिय राजमार्ग १७ -मा मङपङ नजिक रुङदुङ पुलछेउ क्यान्टरको पछाडि बाइक ठोक्किन पुग्दा उक्त दुर्घटना भएको बताइएको छ।

****** ० ******

**आगलागी**

ग्यास सिलिण्डर पड्किएर एक होटल जलेर नष्ट भएको छ । घटना हिजो राति सिलगढी संलग्न फूलबारी 2 नम्बर ग्राम पञ्चायतको छोबाभिटा क्षेत्रमा भएको हो । एक महिलाले लगभग तीन वर्षदेखि यस क्षेत्रमा होटल सञ्चालन गर्दै आएकी थिइन्। सधैँ झैँ उनी हिजो राति लगभग 9 बजेर 30 मिनेटमा होटल बन्द गरेर शांतिपाड़ास्थित घर फर्किइन्, त्यसपछि स्थानीयहरूले राति 12 बजेर 30 मिनेट तिर ठूलो विस्फोटको आवाज सुन्नका साथै होटलमा आगो लागेको देखे। पछि होटलमा ग्यास सिलिन्डर पड्केको थाहा पाएपछि स्थानीयहरूको सहयोगमा आगो नियन्त्रणमा आयो भने आगलागीका कारण होटलका सम्पूर्ण सामग्री जलेर नष्ट भएको बताइएको छ।

****** ○ ******

**डुवर्स रन**

अलिपुरद्वार जिल्ला पुलिस अधीक्षक वाई रघुवंशीले अलिपुरद्वार डुवर्सकन्यामा पत्रकार सम्मेलन आयोजन गर्दै ड्रग्समुक्त समाज निर्माण तथा जिल्लाको पर्यटन क्षेत्रलाई विश्व मानचित्रमा चिनाउन डुवर्स रन आयोजन गर्ने जानकारी दिनुभयो। आगामी १ दिसम्बरको दिन अलिपुरद्वार जिल्लाको माझेरडाबरी चियाकमानबाट २१ किलोमीटरको दौड आयोजन गरिने उहाँले जानकारी दिनुभयो। यस म्याराथनमा सहभागी हुनेहरूले अनलाइन मार्फत् आफ्नो नाम दर्ता गराउन सक्ने उहाँले बताउनुभयो। पत्रकार सम्मेलनमा अलिपुरद्वार जिल्लाशासक आर. विमला, अतिरिक्त जिल्ला पुलिस अधीक्षक असीम खान, माझेरडाबरी चियाकमानका प्रबन्धक चिन्मय धर लगायत पुलिस अधिकारीहरूको उपस्थिति थियो।

****** ○ ******

**लंगभीउ चियाकमान**

लंगभीउ चियाकमानमा २० प्रतिशत बोनोसको मागमा चिया श्रमिकहरु आन्दोलनरत छन् भने अर्को तिर यस कमानमा मालिक पक्षबाट हिज निलम्बनको सूचना टासिएको छ| सुचनामा बारम्बार चियाबारी घेराउ, गेट मिटिंग गरेर दैनिक व्यस्थापन कार्यमा यूनियनको हस्तक्षेप लगायतका घटनाहरुको उल्लेख गर्दै अनुशासनहिन कार्य गरेको जनाइएको छ| बिसेष गरि हिल प्लान्टेशन एम्प्लोइज युनियनको दुइ प्रतिनिधिहरुले लगातार आन्दोलन अनि घेराउ गरेको अनि यस्तो अवस्थामा व्यास्थापनले कमान स्तरका सबै गतिविधि स्थगित गर्ने निर्णय लिएको जनाइएको छ| अघिल्लो सूचना नआए सम्म कमान बन्द रहने निर्णय लिएको सुचनामा बताएपछि हिज कमानमा स्थिति तनावपूर्ण बनेको थियो|

****** ○ ******

**लङ्भ्यू**

20 प्रतिशत बोनसको माग गर्दै लङ्भ्यू चियाबारीका श्रमिकहरूले थालेको क्रमिक अनशन आज नवौं दिनमा पुगेको छ। अनशनकारी श्रमिकहरूलाई भेट्न हाम्रो पार्टीका अध्यक्ष अजय एड्वार्ड पुग्नु भएको थियो। उहाँले श्रमिकहरूलाई समर्थन जनाउँदै खदा लगाइदिनु भयो अनि सदैव उनीहरूको साथमा रहने वाचा पनि गर्नु भयो। दोस्रो तर्फ, भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन दार्जीलिङ तराई डुवर्स प्लान्टेसन वकर्स युनियन (एचटीडीपीएलयु), लङ्भ्यू शाखाले श्रमायुक्तलाई पत्र लेखेको छ। एचटीडीपीएलयु पत्रमा 01 अक्टोबर 2024 मा सरकारले 16 प्रतिशत बोनस दिने एडभाइजरी जारी गरेको भए पनि लङ्भ्यू चियाबारीका मालिकले श्रमिकहरूलाई बिना वार्ता 10 प्रतिशत मात्रै बोनस खातामा हालिदिएको अनि पाँच-पाँच प्रतिशत बोनस चियावाला, मेडिकल स्टाफ र फ्याक्टरी स्टाफको खातामा हालिदिएको र फील्ड स्टाफ, चौकीदार अनि कार्यलय स्टाफलाई अझै बोनस नदिइएको जानकारी गराईएको छ। श्रमिकहरूले चाँडो समाधानको लागि सरकारसँग हस्तक्षेप गर्न अनुरोध गरेका छन्।

****** ○ ******

**बुधबारे हाट - मिरिक**

यसवर्षको दशैको अन्तिम दिन आज मिरिक ड्याम्म  परिसरमा  लाग्ने  बुधबारे हाटमा मानिसहरूको ज्यादा भीड देखियो । मिरिक बुधबारे हाटमा  लुगाफाटा अनि सागसब्जी साथै माछा मासुहरू उचित मूल्यमा पाइने हुनाले  नै प्रत्येक बुधबार हाटमा भीड लाग्ने गरेको धेरैको भनाई रहेको छ। हाट आयोजकहरूले  मानिसहरूलाई उचित मूल्यमा सामाग्री  प्रदान गर्ने उदेश्यले बडादशैको हाट लगाएको जानकारी गराउनु भएको छ|  तिहारको समयमा बुधबार वाहेक अन्य दिन पनि लगतार हाट लगाईने जानकारी दिइएको छ।

****** ० ******

**विमल गुरूङ**

गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष तथा पूर्व जीटीए अध्यक्ष बिमल गुरुङले हालको जीटीए सञ्चालन गर्नेहरूले पहाडका पर्यटकीय स्थलहरूको संरक्षण र मर्मत नगर्दा ठूलो आर्थिक नोक्सान भएको आरोप लगाउनु भएको छ। उहाँले सरकारी निकायहरूको राम्रो व्यवस्थापन नभएको कारण ति निकायहरु मधेश तिर  जान लागेको अवगत गराउँदै वर्तमान सत्तासिन दलको अचेतनका कारण पहाडले सबै कुरा गुमाइसकेको आरोप पनि लगाउनु भएको छ। श्री गुरूङले दागोपाप र आफ्नो कार्यकालमा बनाइएका पर्यटकीय स्थलहरूको संरक्षण नगरेका कारण बेरोजगारी बढेको र पहाडका युवाहरू पलायन भएको बताउनु भयो। उहाँले पहाडमा रोजगारीको अवसर सिर्जना गर्नुपर्ने कुरा माथि जोड दिनु भएको छ। उहाँले यसपल्ट केन्द्र सरकारबाट पहाडले सहयोग पाउने अनि देशका गृहमन्त्री अमित शाह तथा सासंद राजु विष्टले पहाडको हितमा काम गरिरहेको उल्लेख गर्नु भयो। श्री गुरूङले चियाबारीको समस्या समाधानमा राज्य सरकार गम्भीर नरहेको र न्यूनतम रोज लागु गर्नुपर्ने माग पनि दोहोर्याउनु भयो।जान लागेको अवगत गराउँदै वर्तमान सत्तासिन दलको अचेतनका कारण पहाडले सबै कुरा गुमाइसकेको आरोप पनि लगाउनु भएको छ।

****** ० ******